छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय सखडा सप्तरी, मधेश प्रदेश

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०८/२५ गते

यस गाउँपालिकाले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारलाई सुरक्षित बनाउन सूचना प्रवाह, समस्यामा परेकाहरुको न्यायका लागि सहजीकरण गर्न, मानसिक स्वास्थ्यका लागि मनोसामाजिक परामर्शसेवा प्रदान गर्न र अन्य विभिन्न सचेतनामूलक कार्यहरु सम्पादनका लागि निम्नानुसारको जनशक्तिहरु पदपुर्ती गर्नु पर्ने भएकोले योग्य, अनुभवी ईच्छुक नेपाली नागरिकले माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित १५ (पन्धह) दिनभित्र कार्यालय समयमा रोजगार सेवा केन्द्रमा आवेदन पेश गर्न आह्वान गरिएको छ ।

| विज्ञापन नं. | रिक्त पद | संख्या | न्यूनतम योग्यता, अनुभव तथा सीप |
|---|---|---|---|
| ०३<br>२०८२/८३ | मनोसामाजिक परामर्शकर्ता | १ जना (महिला) | ▪ मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण-पत्र लिएकोलाई विशेष प्राथमिकता दिईनेछ ।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदि) भएको, नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।<br>▪ सम्बन्धित स्थानीय तहको आवेदकलाई प्राथमिकता दिईनेछ । |
| ०४<br>२०८२/८३ | रिटर्नी स्वयंसेवक | २ जना | ▪ न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगारका लागि खाडी मुलुक वा मलेसिया गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको,<br>▪ KOBO मा घरघरमा काम गर्न Android mobile भएको तथा राम्ररी चलाउन सक्ने ज्ञान र सीप भएको,<br>▪ स्थानीय भाषा स्पष्ट बोल्न तथा बुझाउन सक्ने र प्रतिवेदन तयार गर्न सक्ने<br>▪ सामाजिक परिचालन वा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको लाई प्राथमिकता दिईनेछ, |

**कार्य अवधिः** २०८२ साल असार मसान्तसम्म हुनेछ तर आवश्यकता तथा कार्य सम्पादनको आधारमा नवीकरण गर्न सक्नेछ ।

**परिक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तवार्ताबाट छनौट गरिनेछ।

**आवेदन दस्तुर :** मनोसामाजिक परामर्शकर्ता पदका लागि रु५००/- ( पांच सय मात्र ), रिटर्नी स्वयंसेवक पदका लागि रु.४००/- (चार सय मात्र),

**उमेरः** १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

**तलव तथा सुविधा** : नियमानुसार हुनेछ ।

**पेश गर्नुपर्ने कागजातहरु :**

| | |
|---|---|
| मनोसामाजिक परामर्शकर्ता पदका लागि : स्पष्ट पद सहित निवेदन-पत्र, व्यक्तिगत विवरण (Biodata), नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपी, कार्य अनुभवको प्रमाण-पत्रको प्रतिलिपी, तालिम प्रमाण-पत्रको प्रतिलिपी, | रिटर्नी स्वयंसेवक पदका लागि : स्पष्ट पद सहित निवेदन-पत्र, राहदानीको प्रतिलिपी (वैदेशिक रोजगारमा जाँदा ईमिग्रेसनले राहदानीमा लगाएको प्रस्थान (Departure) र आगमन (Arrival) को छाप लागेको पेजको प्रतिलिपी, श्रम स्वीकृति भएको पेजको प्रतिलिपी), नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपी, कार्य अनुभव र तालिमको प्रमाण-पत्र भए सोको प्रतिलिपी पेश गर्न सकिनेछ । |

**छनौट प्रक्रियाः** प्रारम्भिक छनोटमा परेका उम्मेवारहरुलाई मात्र परिक्षा प्रक्रियामा समावेश गरिने छ र समावेशी भर्ना प्रकृया अवलम्बन गरिनेछ ।

..................

पदपुर्ति समिति